# जिल्ला समन्वय समितिको कार्यालय

बेसीशहर, लमजुङ
४ नं. प्रदेश नेपाल
२०७३

प.सं.: २०७४।७५

च.नं.: १५८७

मिति: २०७५।०१।२७

विषय: प्रचार प्रसार गरिएको सम्बन्धमा ।

**श्री बेसीशहर/सुन्दरवजार/राईनास/मध्यनेपाल नगरपालिकाको कार्यालय सबै,**
**श्री क्व्होलासोथार/मर्स्याङदी/दोर्दी/दुधपोखरी गाउँपालिकाको कार्यालय सबै,**
**लमजुङ ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारको प्रचार प्रसार गरिएको तथा बन तथा वातावरण मन्त्रालयको प्रचार प्रसार गरी सहयोग गरिदिने सम्बन्धी पत्रानुसार आगामी जुन ५, २०१८, विश्व वातावरण दिवसको अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रबर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने संघसंस्था एवं ब्यक्तिलाई प्रशंसा पत्र सहित नगद पुरस्कारद्वारा पुरस्कृत गर्न मिति २०७५।०१।०६ र ०७ गतेको गोरखापत्रमा सूचना प्रकाशन भएकोले वातावरण संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने ब्यक्ति एवं संघसंस्था भए सोको विवरण मिति २०७४।०२।०४ गतेभित्र वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौंमा पठाई दिनुहुन निर्देशानुसार अनुरोध छ ।

<u>पत्राचार गर्ने ठेगाना</u>

श्री बन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

टेलिफोन न. : ४२११७३४, ४२११६४१, ४२११९९६, ४२११९४६, ४२११८४४

फ्याक्स नं : ४२११९५४

*(सम्बन्धित सूचना यसैसाथ संलग्न छ ।)*

.................................
डिल्लीराम सिग्देल
जि.स.अ.

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## वातावरण संरक्षण पुरस्कारका लागि आवेदन माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०१/०६)

यस मन्त्रालयले विश्व वातावरण दिवस २०१८ को अवसरमा नेपालको वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने संघ/संस्था/व्यक्तिलाई निम्नानुसारको वातावरण संरक्षण पुरस्कार एवं कदरपत्र प्रदान गर्ने कार्यक्रम रहेकाले वातावरण संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा काम गरिरहेका संघ/संस्था, समुदाय वा व्यक्तिलाई (संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रमाणित छायाँप्रति र वातावरण संरक्षण तथा प्रवर्द्धनमा पुर्‍याएको योगदान सहितको छोटो परिचय) आफुले गरेको विशिष्ट कार्यहरुको विवरण, कदरपत्र एवं पुरस्कार प्राप्त गरेको भए सो को छायाँप्रति र सम्बन्धित निकायको सिफारिस भए सो समेत संलग्न गरी सूचना प्रकाशित भएको ३० दिन भित्र यस मन्त्रालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पुरस्कार | आवश्यक योग्यता |
|---|---|---|
| १ | वातावरण संरक्षण पुरस्कार | कम्तिमा ५ बर्षसम्म वातावरण संरक्षण तथा प्रवर्द्धन सम्बद्ध देहायका कुनै क्षेत्रमा कार्य गरेको<br>○ जनचेतना अभिवृद्धि,<br>○ वातावरण मैत्री प्रविधिको विकास र प्रसार,<br>○ जलवायू परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण,<br>○ फोहोरमैला व्यवस्थापन,<br>○ वातावरण संरक्षण तथा प्रवर्द्धन सम्वन्धी अध्ययन अनुसन्धान, प्रकाशन, प्रतिवेदन |
| २ | वातावरण संरक्षण महिला पुरस्कार | कम्तिमा ५ बर्षदेखि वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि, वातावरण मैत्री प्रविधिको विकास, वातावरण तथा जलवायू परिवर्तन सम्वद्ध बिषयमा अध्ययन अनुसन्धानमध्ये कुनै क्षेत्रमा कार्य गरिरहेको महिला वा महिला समूहद्वारा संचालित संघ/संस्थाले सो को प्रमाण संलग्न गरी, |
| ३ | वातावरण मैत्री उद्योग पुरस्कार | वातावरण मैत्री प्रविधि र व्यवस्थापनको उपयोग गरी वातावरण संरक्षणमा कम्तिमा ५ बर्ष देखि योगदान गर्दै आएका उद्योगले (१) उद्योग दर्ताको प्रमाणपत्र (अद्यावधिक नवीकरण) (२) ISO-9001/14001 प्रमाणपत्रको प्रतिलिपी र सो को कार्यान्वयन स्थिति विवरण (३) स्वीकृत IEE/EIA Mitigation एविल अनुसार कार्य गरेको अभिलेख, (४) सामाजिक उत्तरदायित्व वहन सम्वन्धी कागजात, (५) वातावरणीय असर न्यूनीकरण गर्न अवलम्वन गरिएका विधिहरु (६) स्थानीय निकाय (गाऊँपालिका/नगरपालिका) र उद्योग विभाग/मन्त्रालयको सिफारिस संलग्न गरी, |
| ४ | उत्कृष्ट वातावरण पत्रकार पुरस्कार | वातावरण पत्रकारिताको क्षेत्र (विद्युतीय/छापा संचार माध्यम) मा कम्तिमा ५ बर्ष देखि कार्यरत पत्रकारले (१) सूचना विभागद्वारा जारी परिचयपत्रको प्रमाणित प्रतिलिपी (२) गरेको उल्लेखनीय कार्यको अभिलेख प्रतिलिपी, र (३) नेपाल पत्रकार महासंघको सिफारिस संलग्न गरी, |
| ५ | जलवायू परिवर्तन व्यवस्थापन पुरस्कार | कम्तिमा ५ बर्षसम्म जलवायू परिवर्तनका नकारात्मक प्रभावहरु न्यूनीकरण सम्वन्धी (१) प्रविधिको विकास र प्रसार, (२) अनुकुलन सम्वन्धी स्थानीय क्षमता विकास (३) अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन (४) न्यून कार्वन उत्सर्जन प्रविधि विकास, प्रयोग र प्रसारमध्ये कुनै क्षेत्रमा काम गरेको व्यक्ति वा संघ/संस्थाले सो सम्वन्धी कागजात संलग्न गरी । |

उपरोक्त पुरस्कारको लागि उपयुक्त व्यक्ति वा संघ/संस्था को नाम सिफारिस गरी यस मन्त्रालयमा पठाई सहयोग गरिदिनु हुन सम्वन्धित क्षेत्रमा काम गर्ने सरकारी तथा सामुदायिक निकायहरुलाई समेत यसै सूचना मार्फत आव्हान गरिन्छ । थप जानकारीका लागि यस मन्त्रालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।